Sub.Code :4471

GRADE XI

**Social Studies and Life Skill Education**

Model questions

विद्यार्थीले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँछ ।

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

Time : 3 Hrs. Full Marks: 75

सबै प्रश्नहरुको उत्तर दिनुहोस् ।

## समुह क

**तलका प्रश्नहरुको अति छोटो उत्तर दिनुहोस् । ११X१= ११**

१. सामाजिक अध्ययन र सामाजिक विज्ञान विचको अन्तरसम्वन्ध एक वाक्यमा उल्लेख गर्नुहोस ।

२. परियोजना कार्य गर्ने सिलसिलामा समुदायका व्यक्तिहरुसँग कसरी कुराकानी शुरु गर्नुहुन्छ ? एक वाक्यमा लेख्नुहोस ।

३. इन्टरनेटको प्रयोग गर्दा सावधानी अपनाउनु पर्दछ । किन ? कुनै एक तर्क प्रस्तुत गर्नुहोस ।

४. होमो सेपियन्स मानव जातीको कुनै एक विशेषता लेख्नुहोस ?

५. होरोडोटसले लेखेको इतिहासको चर्चित पुस्तकको नाम लेख्नुहोस ।

६. तपाइँ कुन पर्यावरणीय क्षेत्रमा बस्नुहुन्छ र त्यसले तपाइँको जीवनमा पारेको कुनै एक प्रभाव लेख्नुहोस् ।

७. जात र जनजाति बिचको कुनै एक फरक लेख्नुहोस् ।

८. नेपालको राष्टिय सभाको निर्वाचनको लागि कस्तो निर्वाचन प्रणाली अवलम्वन गरिएको छ ?

९. उद्यमशीलता भनेको के हो ? एक वाक्यमा लेख्नुहोस् ।

१०. ग्रामिण बस्ती र सहरी बस्ती विचको कुनै एक भिन्नता लेख्नुहोस् ।

११. लागुपदार्थको दुर्व्यसनवाट बच्ने कुनै एक उपाय सुझाउनुहोस् ।

## समुह ख

**तलका प्रश्नहरुको छोटो उत्तर दिनुहोस् ।** **८X ५ = ४०**

१२. अन्तरवैयक्तिक सीपको प्रभावकारी उपयोग कसरी गर्न सकिन्छ ? आफ्ना साथीलाई कुनै पाँचवटा सुझावहरु प्रस्तुत गर्नुहोस् ।

**अथवा**

कम्प्युटर तथा अन्य डिजिटल डिभाइसको प्रयोगले तपाँईको जीवनमा पारेका सकारात्मक प्रभावहरु लेख्नुहोस् ।

१३. पशुपालन युगको जीवन पद्धतीका विशेषतालाई पाँचवटा बुँदामा उल्लेख गर्नुहोस् ।

१४. भौगोलिक विविधताले पर्यटन क्षेत्रमा पार्ने प्रभावहरु ब्याख्या गर्नुहोस् ।

१५. औद्योगिक क्रान्तिले विश्वमा उपनिवेशको शुरुआत गर्‍यो । यस भनाईलाई पुष्टि गर्नुहोस ।

अथवा

छुवाछुत बिरुद्धको कानुनी ब्यबस्था प्रभाबकारी हुन नसक्नाका कारणहरु पाँचवटा बुँदामा बिश्लेषण गर्नुहोस् ।

१६. सरकारी वित्त भनेको के हो ? उदाहरणसहित सरकारी वित्तका श्रोतहरु उल्लेख गर्नुहोस् ।

१७. जनसंख्या वितरणमा प्रभाव पार्ने कुनै ५ तत्वहरुको व्याख्या गर्नुहोस् ।

१८. हाम्रो देशको सीमा सुरक्षाका लागि कस्तो रणनीति अवलम्बन गर्नु पर्छ भन्ने सन्दर्भमा राष्ट्रिय सुरक्षा परिषद्लाई सुझावसहित पत्र लेख्नुहोस् ।

१९. आफ्ना किशोर तथा युवाअवस्थाका साथीहरुलाई नियमित योग तथा ध्यान गर्न का लागि प्रेरित गर्नु परेमा तपाइँ कसरी प्रेरित गर्नुहुन्छ ?

## समुह ग

**तलका प्रश्नहरुको लामो उत्तर दिनुहोस् ।** **३X८ = २४**

२०. तनावलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न कुनै ८ ओटा व्यवहारिक सुझावहरु प्रस्तुत गर्नुहोस ।

२१. मानवलाई ढुङ्गे युगबाट कृषि तथा पशुपालन युगमा रुपान्तरण हुनुमा कुन कुन कुराले प्रेरित गरेको थियो ? के नेपाली समाजमा कृषि र पशुपालन युगको प्रभाव देख्न सकिन्छ ? कसरी ?

अथवा

नेपाली समाजमा जाति व्यवस्थाले उव्जाएका समस्याहरू पहिचान गर्दै जाति व्यवस्था नभएको भए नेपाली समाज कस्तो हुन्थ्योहोला, आफ्नो विचार प्रस्तुत गर्नुहोस्

२२. “अन्तर्राष्ट्रिय युवा दिवसका दिनमा १० प्रतिभावान् युवालाई जनही रु १ लाख नगद पुरस्कार सहित राष्ट्रिय युवासम्मान प्रदान गरिएको छ ।” प्रस्तुत समाचार पढेर तपाईंले पनि भविष्यमा यस्तै पुरस्कार प्राप्त गर्न के गर्नु हुन्छ ? आफ्नो कार्य योजना प्रस्तुत गर्नुहोस् ।